जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ४/०६४/०६५

वर्ष ३१ अंक २४२ २०७९ साल बैशाख १६ गते शुक्रबार (29 Apr. 2022 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

सवारी दुर्घटनाबाट बचौं र बचाऔं।

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारी साधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं,
- अनियन्त्रित र तीव्र गतिमा सवारी साधन नचलाऔं,
- समय-समयमा सवारीसाधनको मर्मत संभार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : पहिलो पटक एकै चरणमा.. ३ पृष्ठमा : साढे ४८ खर्ब बराबर पुग्यो ... ३ पृष्ठमासिरियामा इजरायलको आक्रमण जारी, ...

# थप दाइजो माग गर्दै परिवारबाटै निर्घात कुटिइन लक्ष्मी, श्रीमान पक्राउ



तस्बिर : राजविराज दैनिक

थप दाइजो नल्याएको भन्दै परिवारजनको कुटाइबाट घाइते भएकी सप्तरीको रुपनी गाउँपालिका ६ बिरेन्द्र बजारकी २७ वर्षिया लक्ष्मी भगतको राजविराजस्थित गजेन्द्र नारायण सिंहमा उपचार हुँदै ।

**दैनिक समाचारदाता**
**राजविराज, १५ बैशाख ।**

थप दाइजोको माग गर्दै सप्तरीकी एक महिला परिवारबाटै निर्घात कुटिएकी छिन् ।

जिल्लाको रुपनी गाउँपालिका ६ बिरेन्द्र बजारकी २७ वर्षिया लक्ष्मी भगत पति संजिव, ससुरा शिवदयाल, सासु सीता, जेठानी अन्जु र नन्द रन्जुबाट निर्घात कुटिएकी हुन् ।

मागे जतिको दाइजो नल्याएको तथा आफूहरु बिरुद्ध प्रहरी र अदालतसम्म पुगेको निहुमा तीन दिन अघि परिवारबाट निर्घात कुटिएकी उनको उपचार स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा भइरहेको छ ।

कुटपिटबाट उनको घाँटी, ढाड, पाखुरा, टाउँको लगायत शरीरभरि चोट लागेको छ । दराजबाट लुगा निकाल्दै गरेका बेला अचानक किन दराज खोलेको ? भनेर प्लास्टिकको पाइप, लाठी र मुड्कीले अन्दाधुन्द कुटपिट गर्न थालेको उनले सुनाइन ।

उनको शरीरको विभिन्न भागमा गहिरो चोट देखिएकाले चिकित्सकले थप उपचारका लागि बाहिर लैजान सल्लाह दिएको बुबा राजेन्द्र साहले बताए ।

रौतहट जिल्लाको माधवनारायण नगरपालिका माइत भएकी लक्ष्मीमाथी उनको परिवारले गरेको पार्शविक हिंसाको चस्यो पहिलो घटना भने होइन् । भगत पेट्रोल पम्पका संचालक संजिवसँग चार वर्षअघि विवाह गरेकी उनले यस अवधीमा पति, सासु, ससुरा, नन्दको कुटाईका कारण पटक पटक मृत्यु शैय्यामा पुग्नु परेको बताइन् ।

विवाहको केही महिनापछि नै परिवारबाट दाइजोका लागि यातना दिन सुरु भएको उनको भनाई छ । विहेमा सात धुर जग्गा बेचेर दाइजो दिएको बताउँदै लक्ष्मीका बुबा राजेन्द्रले भने, थप दाइजो माँग भई आएको र आफ्नो हैसियतले नभ्याउने जवाफ फर्काए पछि छोरीमाथी यातना दिने क्रम बढ्दै गएको हो ।

निरन्तरको यातना सहन नसकेपछि उनी सप्तरी जिल्ला अदालतमा घरेलु हिंसा सम्बन्धी मुद्दा गर्न पुगेकी थिइन् । उक्त मुद्दामा २०७८ पुस १९ गते अदालतले अन्तरिम संरक्षणात्मक आदेश जारि गरेको थियो । आदेलतको आदेश अनुसार लक्ष्मीलाई प्रहरीले सुरक्षित साथ बस्ने गरि केही दिन अघि मात्र गृह प्रवेश गराएको थियो । तर त्यसपछि विपक्षि बनाइएका परिवारका सदस्यहरु झन उग्र रुपमा प्रस्तुत भएको लक्ष्मीको भनाई छ ।

अदालतको आदेशपछि गृह प्रवेश पाएकी छोरीमाथी पहिले भन्दा पनि झन यातनाको क्रम बढ्यो, बुबा, राजेन्द्रले भने, अब कसरी र कहाँ न्याय पाउने ? पीडित महिलालाई निशुल्क कानुनी सहायता प्रदान गरिरहेकी मधेश प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यलय राजबिराजकी कानुनी अधिकृत अधिवक्ता किरण साहले विभिन्न बहानामा लक्ष्मी माथी भएको हिसां विरुद्ध आफु अधि बढेको र पिडितलाई न्याय मिल्ने विश्वास व्यक्त गरिन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले कुटपिटमा संलग्न पिडित महिलाका पति संजिबलाई विहिबार पक्राउ गरिएको जानकारी दिदै उनका ससुरा शिवदयाललाई भने अस्वस्थ्य रहेका कारण तारेखमा छाडिएको बताए । घटना बारे थप अनुसन्धान समेत भइरहेको प्रहरीले जनाएको छ ।

# त्रिविमा २३ दिन बिदा

काठमाडौं, १५ वैशाख (रासस) ।

त्रिभुवन विश्वविद्यालयले २३ दिन बिदा दिने निर्णय गरेको छ । विश्वविद्यालयअन्तर्गत सूचना तथा जनसम्पर्क महाशाखाले बिहीबार एक विज्ञप्ति प्रकाशित गरी यही वैशाख २२ गतेदेखि जेठ १३ गतेसम्म त्रिविका सम्पूर्ण क्याम्पस बिदा दिने जानकारी दिएको हो ।

विज्ञप्तिमा चालू शैक्षिक सत्रको वर्षे बिदाका सम्बन्धमा सत्रान्त बिदा दिइने क्याम्पसको हकमा सम्बन्धित अध्ययन

*बाँकी अन्तिम पृष्ठमा*

## सूचना । सूचना ॥ सूचना ॥।

यस ट्रेडर्सद्वारा पैठारी गरि बिक्रि बितरण गरिने DAIKIN INDIA, भारत ब्राण्डको अधिकतम खुदरा मुल्य निम्न अनुसार भएको सर्वसाधारणको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| SN | Products | Model Number | MRP |
|---|---|---|---|
| 1 | Out Door Unit | RXYQ16ARY6 | 720,000.00 |
| 2 | Out Door Unit | RXYQ20ARY6 | 841,600.00 |
| 3 | Out Door Unit | RYQ4ARY6 | 212,486.00 |
| 4 | Ductable IDU 1.5 TR | FXDQ50NDV36 | 61,000.00 |
| 5 | Ductable IDU 2.08 TR | FXDQ63PDV36 | 68,800.00 |
| 6 | Ductable IDU 1.06 TR | FXDQ32PDV36 | 59,200.00 |
| 7 | Corded Remote | BRC2E61 | 3,200.00 |
| 8 | Y-Joint | KHRP26A33T6 | 7,200.00 |
| 9 | Y-Joint | KHRP26A22T6 | 7,200.00 |
| 10 | Y-Joint | KHRP26A72T6 | 7,200.00 |
| 11 | Y-Joint | KHRP26A73T6 | 7,800.00 |
| 12 | Cassatte IDU 2.08 TR | FXFSQ63ARV16 | 67,200.00 |
| 13 | Cassette Panel | BYCQ125EAF6 | 14,400.00 |
| 14 | Cassette IDU 1.06 TR | FXFSQ32ARV16 | 57,400.00 |
| 15 | Cassette IDU 1.65 TR | FXFSQ50ARV16 | 66,000.00 |
| 16 | Cassaette IDU 0.83 TR | FXFSQ25ARV16 | 53,800.00 |
| 17 | Cassette IDU 2.65 TR | FXFSQ80ARV16 | 78,600.00 |
| 18 | Hi Wall IDU 2.08 TR | FXAQ63ARVE6 | 48,800.00 |
| 19 | HI Wall IDU 1.06 TR | FXAQ32ARVE6 | 42,000.00 |
| 20 | Hi Wall IDU 0.66 TR | FXAQ20ARVE6 | 40,000.00 |

**INTERIOR DESIGNERS PVT. LTD.**
**Subidha Nagar, Kathmandu**

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# पहिलो पटक एकै चरणमा स्थानीय तहको निर्वाचन

**शरद् शर्मा**
काठमाडौँ, १४ वैशाख (रासस)।

नेपालमा प्रजातन्त्रको पुर्नवहाली भएपछि २०४९ सालबाट स्थानीय तहको निर्वाचन सुरु भएको हो। अहिलेसम्म तीन वटा स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ भने यही वैशाख ३० गते चौथो पटक स्थानीय तहको निर्वाचनमा मुलुक जुटिरहेको छ।

नेपालमा स्थानीय तहको निर्वाचन २०४९, २०५४ र २०७४ साल गरी तीन पटक सम्पन्न भइसकेका छन्। विगतको निर्वाचनलाई हेर्दा सधैँ नै दुई वा तेस्रो चरणमा निर्वाचन भएको देखिन्छ। तर यसपटक भने सरकारले एकै पटक वैशाख ३० गते देशभर निर्वाचन गर्न थालेको छ। निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउनका लागि पहिलो पटक एकै चरणमा निर्वाचन गर्न थालिएको बताउनुभयो।

"दुई तीन चरणमा निर्वाचन हुँदा एक ठाउँको मतदाता फेरि अर्को ठाउँमा फर्जी मत खसाल्न जान सक्छन्", उहाँले भन्नुभयो, "निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउनका लागि एकै चरणमा निर्वाचन गर्न थालिएको हो।" गृहमन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले मुलुकको सुरक्षास्थित मजवुद भएकोले एकै चरणमा निर्वाचन गराउन थालिएको बताउनुभयो। "यसपटक कुनै आपराधिक क्रियाकलापमा संलग्न कुनै पनि राजनीतिक दल तथा सङ्घ सङ्घठन छैन", उहाँले भन्नुभयो, "निर्वाचन बिथोल्ने कुनै गतिविधि नदेखिएकाले एकै चरणमा निर्वाचन गराउन सरकार तयार भएको हो।"

निर्वाचनमा एक लाख ६८ हजार सुरक्षाकर्मी र एक लाख म्यादी प्रहरी परिचालन गर्न थालिएको छ। प्रजातन्त्र पुर्नवहाली भएपछि २०४९ सालमा दुई चरणमा तीन हजार ९९५ गाउँ विकास समिति र ३६ नगरपालिकामा स्थानीय तहको निर्वाचन भएको थियो। २०४९ जेठ १४ गते र जेठ १८ गते सो निर्वाचन सम्पन्न भएको थियो। जेठ १४ गते दुई हजार ३० गाविस र ११ नगरपालिका तथा जेठ १८ गते एक हजार ९६५ गाविस र २५ नगरपालिकामा निर्वाचन भएको थियो। २०४९ सालदेखि नै १८ वर्ष उमेर पुगेकालाई मताधिकारको प्रयोग गर्न दिइएको थियो। त्यो भन्दा अगाडि २१ वर्ष उमेर पुगेकाले मात्र मतदान गर्न पाउथ्ये। २०४९ सालमा पाँच राजनीतिक दलले निर्वाचनमा सहभागिता जनाएका थिए।

यस्तै २०५४ सालमा पनि दुई चरणमा स्थानीय तहको निर्वाचन भएको थियो। २०५४ जेठ ४ गते र १३ गते गरी दुई चरणमा निर्वाचन सम्पन्न भएको थियो। त्यतिबेला तीन हजार ९१३ गाविस र ५८ नगरपालिका रहेका थिए। पहिलो चरणमा परेका १८२१ गाउँविकास समिति, २३ नगरपालिका र एक उपमहानगरपालिका तथा दोस्रो चरणमा ३५ जिल्लाका दुई हजार ९१ गाविस, एक महानगरपालिका, दुई उपमहानगरपालिका र ३१ नगरपालिकामा निर्वाचन भएको थियो। यस्तै गणतन्त्र स्थापनापछि झण्डै २० वर्षपछि भएको स्थानीय तहको निर्वाचन तीन चरणमा सम्पन्न भएको थियो। २०७४ वैशाख ३१ गते बागमती, गण्डकी र कर्णाली प्रदेश, २०७४ असार १४ गते प्रदेश नं १, लुम्बिनी र सुदूरपश्चिम प्रदेश तथा २०७४ असोज २ गते मधेश प्रदेशमा गरी तीन चरणमा निर्वाचन सम्पन्न भएको थियो।

विसं २०४९ मा ४४ हजार ५३९ जनप्रतिनिधि चयन भएका थिए भने २०७४ सालमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिकामा गरी ७५३ स्थानीय तहमा प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष, छ हजार ७४३ वडाध्यक्ष, सोही सङ्ख्यामा महिला सदस्य र दलित महिला सदस्य तथा १३ हजार ४८३ सदस्य गरी कूल ३५ हजार २२१ सदस्यका लागि निर्वाचन भएको थियो।

**अहिलेभन्दा २०४९ सालमा दुई गुणा बढी उम्मेदवार**

अहिलेभन्दा २०४९ सालमा दुई गुणा बढी उम्मेदवारले मनोनयन दर्ता गराएका थिए। त्यतिबेला कूल ४४ हजार ५३९ पदका निर्वाचन भएको थियो भने अहिले ३५ हजार २२१ पदका लागि निर्वाचन हुँदैछ। २०४९ सालमा ४४ हजार ५३९ पदका लागि तीन लाख ५० हजार उम्मेदवारले मनोनयन दर्ता गराएका थिए भने अहिले ३५ हजार २२१ पदका लागि निर्वाचनमा एक लाख ५२ हजार ४६५ जनाले मात्र उम्मेदवारी दर्ता गराउनुभएको छ।

त्यस्तै २०५४ सालमा एक लाख ८९ हजार पदका लागि निर्वाचन भएको थियो भने २०७४ सालमा एक लाख ५१ हजार १९० जना उम्मेदवार मनोनयन भएको थियो। तीमध्ये ९७ जनाको उम्मेदवारी रद्द, दुई हजार ७२३ जनाले उम्मेदवारी फिर्ता गरेका थिए।

**मतदान केन्द्र**

विसं २०४९ मा पाँच हजार ७१ मतदान केन्द्र रहेका थिए। यसैगरी २०५४ सालमा पाँच हजार ६९ मतदान केन्द्र र ३१८ उपकेन्द्र रहेका थिए। मतदान केन्द्र, उपकेन्द्र र कर्मचारी खटन पहिलो चरणमा मतदान केन्द्रको सङ्ख्या दुई हजार २३४, उपकेन्द्र ५८ थिए भने दोस्रो चरणमा दुई हजार ८३५ मतदान केन्द्र र २६० उपकेन्द्रहरू थिए। यस्तै २०७४ सालमा १८ हजार ५८३ मतदान केन्द्र र १० हजार ६७१ मतदान स्थल रहेका थिए। अहिले १० हजार ७५६ मतदान स्थल र २१ हजार ९५५ मतदान केन्द्र रहेका छन्।

**मतदाता ५७ लाख बढी**

२०४९ सालमा रहेका मतदाताभन्दा अहिले ५७ लाख मतदाता बढी रहेका छन्। २०४९ सालमा एक करोड २० लाख मतादाता रहेका थिए। अहिले २०७९ को निर्वाचनमा त्यो सङ्ख्यामा ५७ लाख पुगेको छ। अहिले एक करोड ७७ लाख ३३ हजार ७२३ जना रहेका छन्। २०५४ सालमा एक करोड २५ लाख ३८ हजार २७३ मतदाता, २०७४ सालमा एक करोड ४० लाख ७२ हजार ४२४ मतदाता रहेका थिए।

निर्वाचन आयोगका अनुसार पुरुष ७० लाख ७९ हजार १५३, महिला ६९ लाख ९३ हजार १२७ र तेस्रो लिङ्गी १४४ गरी जम्मा एक करोड ४० लाख ७२ हजार ४२४ मतदाता रहेका थिए।

**निर्वाचन खर्च**

विसं २०४९ मा भएको निर्वाचन प्रचार-प्रसारमा गाउँ विकास समितिका अध्यक्ष र उपाध्यक्षका लागि अधिकतम रु दश हजार, सदस्यका लागि रु दुई हजार तथा नगरपालिकाका प्रमुख र उपप्रमुखका लागि रु २५ हजार र सदस्यका लागि रु १० हजार निर्वाचन खर्चको सिमा तोकिएको थियो।

त्यस्तै २०५४ सालमा महानगरपालिकाको प्रमुख र उपप्रमुख उम्मेदवारका लागि रु एक लाख ५० हजार, वडाध्यक्ष र सदस्यका उम्मेदवारका लागि रु २९ हजार, उपमहानगरपालिकाका प्रमुख र उपप्रमुखका उम्मेदवारले रु ७० हजार, वडाध्यक्ष, वडा सदस्यका उम्मेदवारले रु १५ हजार, नगरपालिका प्रमुख, उपप्रमुखका उम्मेदवारले रु ४५ हजार, वडाध्यक्ष र वडा सदस्यले रु १२ हजार चुनाव प्रचारका लागि खर्च गर्न पाउने गरी निर्वाचन खर्चको हद तोकिएको थियो।

यसैगरी २०७४ र २०७९ सालमा उम्मेदवारी खर्चको हद एउटै तोकिएको छ। निर्वाचन आयोग ऐन २०७३ को दफा २४ तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ बमोजिम उम्मेदवारको निर्वाचन खर्चको अधिकतम हद तोकिएको हो। अहिले पनि २०७४ सालको जस्तै महानगरपालिकाका प्रमुख र उपप्रमुखले रु सात लाख ५० हजार खर्च गर्न पाउने व्यवस्था गरेको छ। यसैगरी उपमहा नगरपालिकाका प्रमुख र उपप्रमुखले रु पाँच लाख ५० हजार, नगरपालिकाका प्रमुख र उपप्रमुखले रु चार लाख ५० हजार तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षले रु तीन लाख ५० हजार चुनावी खर्च गर्न पाउने व्यवस्था गरिएको निर्वाचन आयोगले जनाएको छ। यही वैशाख ३० गते हुने निर्वाचनका लागि आयोग आवश्यक तयारीमा जुटेको छ।

# निर्वाचन आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण गर्ने सञ्चारमाध्यमलाई कारबाही

**सुशील दर्नाल**
काठमाडौँ, १५ वैशाख (रासस)।

प्रेस काउन्सिल नेपालले निर्वाचन आचारसंहिता प्रतिकूल समाचार सामग्री सम्प्रेषण गर्ने आम सञ्चारमाध्यमलाई कारबाही गरेको छ।

२०७८ चैत २६ गतेदेखि हालसम्म निर्वाचन आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण गर्ने ३५ सञ्चारमाध्यमलाई कारबाही गरिएको काउन्सिलका सूचना अधिकारी रामशरण बोहराले जानकारी दिनुभयो।

त्यसैगरी दर्ता नभएका चार वेबपोर्टललाई कारबाहीस्वरुप मुलुकभित्र सम्प्रेषण हुन नसक्ने बनाइएको छ। ३५ सञ्चार माध्यममध्ये चार वटालाई २४ घण्टे स्पष्टीकरण माग गरिएकोमा दुई सञ्चार माध्यमबाट पेश भएको स्पष्टीकरण चित्त बुझ्दो नदेखिएकाले प्रथम पृष्ठमा क्षमायाचना प्रकाशन गर्न निर्देशन दिइएकोमा सोही अनुसार प्रकाशन भएको छ। दुई वटाले आगामी दिनमा आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण नगर्ने र सजग रहने प्रतिबद्धता जनाएका छन्।

यसैगरी ६ पत्रपत्रिका, ३ रेडियो, ५ टेलिभिजन र १४ अनलाइन गरी २८ वटालाई निर्देशन दिइएको र दुई अनलाइनबाट निर्देशनपश्चात् पनि प्रतिकूल सामाग्री पुनः सम्प्रेषण भएको देखिएकोले सचेत गराइएको सूचना अधिकारी बोहराको भनाइ छ। त्यसैगरी चारवटा सञ्चार माध्यमलाई ध्यानाकर्षण गराइएको छ। प्रेस काउन्सिल नेपालले जारी सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पार्न नहुने, समाचारको गोप्य स्रोत खोल्न नहुने, निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्न नहुने र विज्ञापनलाई समाचारका रूपमा प्रस्तुत गर्न नहुनेलगायत १५ बुँदा पत्रकारले गर्न नहुने भनिएको छ।

सञ्चार माध्यमबाट निर्वाचन आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण भएको देखिएमा तत्कालै कारबाही प्रक्रिया अगाडि बढाइ त्यसबारे निर्वाचन आयोगलाई जानकारी दिँदै आएको छ। निर्वाचन आचारसंहिता लागु भएपश्चात् काउन्सिलले देशभरका सञ्चार माध्यमबाट आचारसंहिता पालना भएनभएको विषयमा विशेष अनुगमनसमेत गर्दै आएको छ। सूचना अधिकारी बोहराले भन्नुभयो, "काउन्सिलले दल तथा उम्मेदवारका बारेमा सूचना तथा समाचार सम्प्रेषण गर्दा विशेष ध्यान पुऱ्याउनु सञ्चार माध्यमको कर्तव्य भएकाले गलत समाचार, दुष्प्रचार र घृणास्पद अभिव्यक्तिहरू सम्प्रेषण हुन नदिन, कसैको पक्ष वा विपक्ष हुनेगरी र राजनीतिक दल वा उम्मेदवारको प्रतिष्ठामा आँच पुऱ्याउनेगरी सामग्री सम्प्रेषण हुन नदिनेतर्फ सजग गराउँदै आएको छ।"

तटस्थता कायम गर्दै जनमानसमा विश्वसनीयता बढाउनेतर्फ सबै सञ्चार माध्यमले विशेष ख्याल गर्नुपर्ने र निर्वाचनका बेला अनलाइन र सामाजिक सञ्जालका दुरुपयोग हुन नदिन झन् बढी सतर्कता अपनाउनुपर्ने काउन्सिलको भनाइ छ। काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले दल तथा उम्मेदवारको निर्वाचन प्रचारप्रसारको लागि निःशुल्क वा प्रायोजित विज्ञापन प्रकाशन/प्रसारण नगर्न/नगराउन, सःशुल्क विज्ञापन प्रकाशन/प्रसारण गर्दा आचारसंहिताले तोकेअनुसार साइज, समय र पटकलाई ध्यान दिन, सामाजिक सञ्जालमार्फत्बाट समेत यो वा त्यो दल र दलका उम्मेदवारको प्रचारप्रसारलाई अतिरञ्जित नगर्न/नगराउन सञ्चार माध्यम, आमपत्रकार, सञ्चारकर्मी, सामाजिक सञ्जालका प्रयोगकर्तामा अनुरोधसमेत गर्नुभयो।

यता नेपाल पत्रकार महासङ्घले पनि निर्वाचन आचारसंहिता र पत्रकार आचारसंहिताको पूर्ण पालना गर्दै तटस्थ भूमिका निर्वाह गर्न आह्वान गर्दै आएको छ। महासङ्घका अध्यक्ष विपुल पोखरेलले कुनै पनि संरचनामा रहेका पदाधिकारी वा सदस्य उम्मेदवार बनेमा सोही समयदेखि कायम रहेको पदबाट स्वतः मुक्त हुने बताउनुभयो। निर्वाचन आचारसंहिता २०७८ मा कुनै राजनीतिक दल वा उम्मेदवार वा निजको प्रतिनिधिबाट दान, उपहार वा आर्थिक सहयोग लिन नहुने, कसैको पक्ष वा विपक्षमा समाचार प्रकाशन वा प्रसारण गर्न नहुने, राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारको लागि निःशल्क वा प्रायोजित विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# साढे ४८ खर्ब बराबर पुग्यो अर्थतन्त्रको आकार

**रमेश लम्साल**

काठमाडौँ, १५ वैशाख (रासस)। एउटा मेगा परियोजना सम्पन्न हुँदा त्यसले अर्थतन्त्रमा कति ठूलो प्रभाव पार्दछ भन्ने उदाहरण माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाले प्रस्तुत गरेको छ।

कूल ४५६ मेगावाट क्षमताको सो आयोजना गत असार २१ गतेदेखि सञ्चालनमा आएको हो। सो आयोजनाले हालसम्म झण्डै रु पाँच अर्ब बराबरको बिजुली बिक्री गरेको छ। अर्थतन्त्रका जानकारहरूले एक युनिट बिजुली बराबर रु १०० बराबरको बहुपक्षीय प्रभाव पर्ने बताउँदै आएका छन्। यही आधारमा चालु आर्थिक वर्षको आर्थिक वृद्धिदरमा समेत माथिल्लो तामाकोसीले महत्वपूर्ण योगदान पुऱ्याएको पाइएको छ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको सो परियोजनाले कूल छ महिना नेपालको ऊर्जा क्षेत्रलाई पूर्णरूपमा आत्मनिर्भरसमेत बनाएको छ। विभागले भनेको छ, "खासगरी माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाबाट गत आवको अन्त्यदेखि विद्युत् उत्पादन सुरु, अन्य आयोजनाको निर्माणमा भएको वृद्धि तथा औद्योगिक उत्पादनमा भएको वृद्धि आदिका कारणले यस क्षेत्रको कूल मूल्य अभिवृद्धि वृद्धिदरमा सकारात्मक प्रभाव परेको छ।"

केन्द्रीय तथ्याङ्क विभागले बिहीबार सार्वजनिक गरेको आव २०७८/७९ को राष्ट्रिय लेखा तथ्याङ्कानुसार आर्थिक वृद्धिदर ५.८४ प्रतिशत हुने देखिएको छ। विश्व बैंक, एसियाली विकास र आइएमएफजस्ता संस्थाले नेपालको कूल आर्थिक वृद्धिदर न्यून हुने प्रक्षेपण गरिरहेको बेला सरकारको एक निकायले भने आशातित तस्वीर सार्वजनिक गरेको हो।

आव २०७७/७८ मा आर्थिक वृद्धिदर ४.३ प्रतिशत भएको थियो भने आव २०७६/७७ मा माइनस २.४ प्रतिशत बराबरको आर्थिक वृद्धि भएको थियो। सरकारले चालु आवमा ७.१ प्रतिशतको आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको छ। विभागले वृद्धिदरका विभिन्न आयाम प्रस्तुत गरेको छ। त्यसमा कूल गार्हस्थ्य उत्पादन वृद्धिदर उपभोक्ता मूल्यमा ५.८४ प्रतिशत रहनेछ। यस्तै आधारभूत मूल्यमा ५.४९ प्रतिशत र कूल उत्पादन आधारभूत मूल्यमा भने रु ७३ खर्ब ५६ अर्ब ६१ करोड बराबर रहेको छ। यस्तै कूल मध्यवर्ती उपभोग उपभोक्ता मूल्यमा रु ३२ खर्ब ५१ अर्ब ६ करोड बराबर छ।

चालु मूल्यअनुसार कूल गार्हस्थ्य उत्पादन आधार मूल्यमा रु ४१ खर्ब पाँच अर्ब ५४ करोड बराबर रहँदा चालु मूल्यअनुसार कूल ग्रार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु ४८ खर्ब ५१ अर्ब ६३ करोड बराबर पुगेको छ। विभागका अनुसार चालु मूल्यमा कूल स्थिर पूँजी निर्माण रु १४ खर्ब २५ अर्ब आठ करोड बराबर छ। चालु मूल्यमा अन्तिम उपभोग खर्च रु ४४ खर्ब एक अर्ब ६७ करोड बराबर छ। चालु मूल्यमा वस्तु तथा सेवा निर्यात रु तीन अर्ब २० अर्ब ७१ करोड बराबर छ।

यस्तै वस्तु तथा सेवा आयात रु १८ खर्ब २० अर्ब ८२ करोड, चालु मूल्यमा कूल राष्ट्रिय बचत कूल गार्हस्थ्य उतपादनको ३१.९५ प्रतिशत बराबर छ। कूल ग्रार्हस्थ्य उत्पादनको १९.८१ प्रतिशत बराबरको विप्रेषण आय भएको विभागको ठहर छ• । रु नौ खर्ब ६१ अर्ब सात करोड बराबरको विप्रेषण चालु आवको अन्त्यसम्म आप्रवाह हुने यसबाट देखिन्छ। प्रतिव्यक्ति कूल गार्हस्थ्य उतपादन रु एक लाख ६४ हजार ५९८ बराबर पुगेको छ। त्यो भनेको अमेरिकी डलरमा एक हजार ३७२ बराबर हो। त्यस्तै प्रतिव्यक्ति कूल राष्ट्रिय उत्पादन रु एक लाख ६५ हजार ६४९ बराबर पुगेको छ। त्यो भनेको अमेरिकी डलरमा एक हजार ३८१ बराबर हो।

विगत ६० वर्षदेखि लगातार राष्ट्रिय लेखामान सार्वजनिक गर्दै आएको विभागले सन् २०११ लाई आधार वर्षका रूपमा मान्यता दिएको छ। हरेक तीन आवको विवरणलाई प्रस्तुत गर्दै चालु आवको छदेखि नौ महिनाको विवरणका आधारमा विवरण सार्वजनिक गरेको हो।

बेमौसमी बाढी तथा पहिराका कारण गत कात्तिकमा धानखेतीमा परेको नकारात्मक असरका कारण आर्थिक वृद्धिदरमा केही समस्या देखिएको विभागको भनाइ छ। बेमौसमी वर्षा नभएको भए आर्थिक वृद्धिदर अझै माथि जानसक्ने विभागका निर्देशक ईश्वरीप्रसाद भण्डारीले जानकारी दिनुभयो।

राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले वास्तविकताका आधारित तथ्य तथ्याङ्कको विश्लेषण गरेर विवरण प्रकाशित गरिएकाले अन्तर्राष्ट्रिय निकायहरूको भन्दा विभागको तथ्याङ्क विश्वसनीय र भरपर्दो रहेको बताउनुभयो। आयोगका सदस्य डा रामकुमार फुँयालले रुस-युक्रेन सङ्घर्षका कारण पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिका कारण नेपालको अर्थतन्त्रमा पनि प्रभाव परेको बताउनुभयो। कोरोना महामारीबाट अर्थतन्त्र क्रमशः लयमा फर्किएको समेत उहाँको भनाइ छ।

यस्तै विभागका महानिर्देशक नेबिनलाल श्रेष्ठले चालु आवमा कूल आयात कूल २० खर्ब बराबर पुग्ने अवस्था देखिएको जानकारी दिनुभयो। यस्तै निर्यात भने रु तीन खर्ब २० अर्ब बराबर पुग्ने देखिएको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता

तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी


## निर्वाचन...

नहुनेलगायत सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरण उल्लेख गरिएको छ।

महासङ्घले निर्वाचन आचारसंहितामा सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले कसैको पक्ष वा विपक्षमा एसएमएस, फेसबुक म्यासेन्जर, ट्वीटर, युट्युब र इन्स्टाग्राम जस्ता विद्युतीय माध्यमको प्रयोग गरी कुनै पनि सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न तथा त्यस्ता सामग्री सामाजिक सञ्जालमा शेयर, लाइक, कमेन्ट वा प्रतिकमेन्ट गर्न नहुने जनाउँदै आएको छ। अहिलेसम्म पत्रकारले महासङ्घको सदस्यता त्यागेर मात्रै स्थानीय तहको निर्वाचनमा उम्मेवारी दिएको महासङ्घले जनाएको छ।

# विश्व समाचार

## सिरियामा इजरायलको आक्रमण जारी, चार सैनिकको मृत्यु

दमासकस १५ वैशाख (रासस/सिन्ह्वा)।

सिरियाको दमासकसमा इजरायलले शक्तिशाली हतियारबाट आक्रमण गरेको बताइएको छ।

केही दिन यतादेखि इजरायलले सो हमला जारी राखेको समाचारमा जनाइएको छ। बुधबार पनि सिरियाको राजधानी दमासकसमथि इजरायलले हमला गरेको र त्यसका क्रममा कम्तीमा पनि चार जना सिरियाली सैनिक मारिएका बताइएको छ।

सिरियाली सरकारी समाचार समिति सानाले दिएको जानकारीअनुसार बुधबार बिहानैदेखि इजरायलले सिरियाको राजधानी दमासकस नजिकैका कतिपय क्षेत्रमा हमला गरिहेको छ र त्यस क्रममा सिरियाली कम्तीमा पनि चार जना सैनिकको ज्यान गएको छ।

सो आक्रमणबाट भौतिक सम्पत्तिमा पनि क्षति पुगेको सिरियाली सरकारले जनाएको छ। सिरियाली सैनिक स्रोतले जनाएअनुसार यहाँका सैनिकले इजरायलले प्रहार गरेका मिसाइल निस्तेज पारेर खसालिदिएको थियो।

सिरियाली हवाई सुरक्षा सैन्य बलले प्रतिरक्षा गरेर ती मिसाइल खसालेपछि ठूलो क्षति हुनबाट रोकिएको बताइएको छ।

## अफगानिस्तानमा अज्ञात बन्दुकधारीद्वारा कोइला खानी कामदारको हत्या

अफगानिस्तान (काबुल), १५ वैशाख (रासस-एएनआई)।

अफगानिस्तानको सामंगन प्रान्तमा अज्ञात बन्दुकधारीले आक्रमण गर्दा पाँच कोइला खानीमा कार्यरत कामदार मारिएको प्रान्तका स्थानीय अधिकारीलाई उद्धृत गर्दै सञ्चारमाध्यमले जनाएको छ।

स्थानीय तालिबान अधिकारीका अनुसार उक्त घटना मङ्गलबार दिउँसो बाल्ख प्रान्तको सिमानामा रहेको प्रान्तको दारा-ए-सोफ जिल्लाको कोटल रेगी क्षेत्रमा भएको थियो।

एक सरकारी समाचार एजेन्सीको रिपोर्टअनुसार खानीमा काम गर्नेलाई शुरुमा लुटिएको थियो त्यसपछि गोली हानिएको थियो।

मारिने सबै जिल्लाका स्थानीय बासिन्दा हजारा समूहका रहेको बताइएको छ। उक्त घटनाको अहिलेसम्म कुनै पनि समूहले जिम्मेवारी लिएको छैन।

यसैबीच अफगानिस्तानभरि हालैका घटनामा थुप्रै सर्वसाधारणको हत्याको भएको छ। अफगानिस्तानका थुप्रै शहरमा बम विस्फोटको स्ट्रिङले युद्धग्रस्त देशका जनतालाई आतङ्कमुक्त प्रशासन प्रदान गर्ने तालिबानीको दाबी बारेमा प्रश्न उब्जाएको छ। विश्व समुदाय भने अफगानिस्तानमा आतङ्कवादको पुनरुत्थानको बारेमा चिन्तित छ।

अफगानिस्तानमा तालिबान शासनले बारम्बार विजयको दावी गरेको, अफगानिस्तानमा शान्ति, स्थायित्वको आश्वासन दिए पनि धेरै शहरमा बम विस्फोट र आक्रमणको शृङ्खलाले त्यसलाई थप चिन्तित तुल्याएको छ।

हालैका दिनमा भएका आक्रमणको क्रमले संयुक्त राष्ट्र सङ्घ, पूर्व अफगान राजनीतिज्ञ साथै मानवअधिकार समूहलगायत विश्व समुदायले निन्दा गरेको छ।

## हाइटीमा झडपपछि कम्तिमा २० को मृत्यु, हजारौं विस्थापित

मस्को, १५ वैशाख (रासस-एएनआई/स्पुतनिक)।

हाइटीको राजधानी शहर पोर्ट-ओ-प्रिन्समा भएको दङ्गा भीडन्तमा कम्तीमा २० व्यक्तिको मृत्यु भएको छ भने हजारौं विस्थापित भएको हाइटीको नागरिक सुरक्षा निकायले बिहीबार जनाएको छ।

"आइतबार, अप्रिल २४, बिहान ०३:०० बजे ०८:००जिएमटी बाट, ४०० मावोजो र चेन मेकानका गिरोहबीचको शक्तिशाली झडपले जनसङ्ख्यामा त्रास पैदा गरेको छ। परिणामस्वरूप साना बच्चा भएका परिवारसहित हजारौं मानिस विस्थापित भएका छन्। भर्खरैका प्राप्त रिपोर्टअनुसार अप्रिल २४-२६ सम्म कम्तिमा २० सर्वसाधारण मारिएका छन्।

विज्ञप्तिमा झण्डै १० घर जलेको र क्षेत्रीय उद्यम, पसल र विद्यालयले आफ्नो सञ्चालन बन्द गरेको उल्लेख गरेको छ। यसैबीच आगामी दिनमा झडपलाई चर्काउने चेतावनी दिइएको छ।

अक्टोबर २०२१ मा १७ इसाई मिसनरी १६ अमेरिकी नागरिक र एक क्यानाडाली, पाँच बच्चासहित - पोर्ट-ओ-प्रिन्स बाहिर अनाथालयको यात्राको क्रममा अपहरण र बन्धक बनाइएको छ। मिसनरीलाई ४०० मावोजो नामक कुख्यात सशस्त्र गिरोहले अपहरण गरेको छ।


डा. आदर्श कुमार सिंह

Dr. Adarsh Kumar Singh

MBBS, MD TU

NMC Reg. No. : 9413

कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# ऋण नतिरेको भन्दै घरमा आगजनी गर्दै भैसी समेत लगे





**दैनिक समाचारदाता**
**राजविराज, १५ बैशाख ।**

ऋण नतिरेको भन्दै एक वित्तिय संस्थाले आगजनी गर्दै भैसी समेत खोलेर लगेको एक पीडित ऋणीले आरोप लगाएका छन् ।

सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं. ३ की सरस्वती सिंहले कदमाहा चौकमा रहेको "मेरो माइक्रो फाइनान्स" लघुवित्त बैंकका कर्मचारीहरुले आफ्नो घरमा आगो लगाएको आरोप लगाएकी हुन् ।

दश दिनअघि आफ्नो घरमा आएका फाइनान्सका कर्मचारीले आगो लगाइदिएपछि बैशाखको टनटलापुर घाममा आकाशमुनी बस्नु परेको पीडितले बिहीबार राजविराजमा पत्रकार सम्मेलनमार्फत गुनासो पोखेका छन् ।

तोकिएकै समयमा उक्त संस्थाको ऋण तिर्ण नसक्दा ९२ वर्षीया सासुआमा लगायत परिवारका सदस्यहरुलाई गाली गलोज गरी दुई वटा भैसीसमेत खोलेर लगेको पीडितको गुनासो छ ।

आगजनीबाट करिब २४ लाख बराबरको धनमाल नष्ट भएको सरस्वतीले बताएकी छिन् । उक्त संस्थाबाट आफूलाई परेको नोक्सानीको क्षतिपुर्ती उपलब्ध गराई दिन उनले प्रहरी तथा वडा कार्यालयमा समेत उजुरी दिएको संचारकर्मीहरुलाई बताइन् ।

यता लघुवित्त फाइनान्सका शाखा प्रवन्धक महादेब चौधरीले आगो लगाएको आरोप अस्विकार गर्दै भैसी भने ल्याएको स्वीकार गरेका छन् ।

उनले बैंकबाट सिंहले २ लाख ५० हजार ऋण लिए पनि समयमै ब्याज चुक्ता नगर्दा ऋण असुलीका लागि दबाब दिने क्रममा भैंसी लगेको स्पष्ट पारेका छन् ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

# सर्लाहीका १७ उम्मेदवार विरुद्ध उजुरी

सर्लाही, १५ बैशाख (रासस) ।

सर्लाहीका विभिन्न स्थानीय निकायका १७ उम्मेदवारविरुद्ध उजुरी परेको छ । सबैभन्दा धेरै जिल्लाको बसबरिया गाउँपालिकामा उम्मेदवारी दिएका सातविरुद्ध उजुरी परेको हो ।

बागमती नगरपालिकामा चार उम्मेदवारविरुद्ध उजुरी परेको मुख्य निर्वाचन अधिकृत ध्रुबकुमार पियाले जानकारी दिनुभयो । बलरामा दुई तथा लालबन्दी, कविलासी, रामनगर र ब्रम्हपुरीमा एक-एक उजुरी दर्ता भएका छन् । ती उजुरीमाथि विहिबार साँझसम्म छानबिन गर्ने र दोषी प्रमाणित भए उम्मेदवारी रद्ध गरिने पियाले जानकारी दिनुभयो ।

बलराको प्रमुखका उम्मेदवार अभयकुमार सिंह र बाग्मती नगरका प्रमुखका उम्मेदवार भरतकुमार थापाविरुद्ध उजुरी परेको हो । अन्य पालिकामा पनि विभिन्न उम्मेद्वारविरुद्ध उजुरी परेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

थापाविरुद्ध प्रहरीको कार्बाहीमा मारिएका कुमार पौडेलका बुबा खिलकराज पौडेलले उजुरी दिनुभएको हो । पौडेल घटनामा मृतकका बुबाले दिएको किटानी जाहेरीमा थापाको नामसमेत भएको र सर्वोच्च अदालतले पनि छानविन गर्न आदेश दिएको उल्लेख गरिएको छ । त्यस्तै सिंहविरुद्ध बेरुजु तिर्नुपर्ने र पेश्की फछ्र्यौट गर्नुपर्ने भन्दै उजुरी परेको हो ।

महालेखा परीक्षकको कार्यालयको २०७८ को वार्षिक प्रतिवेदनमा बलरा नगरको लेखापरीक्षण प्रतिवेदन अनुसार रु ११ करोड ८० लाख १८ हजार बेरुजु देखिएको र रु पाँच करोड ३६ लाख ८४ हजार असुलनै गर्नुपर्ने उल्लेख गरिएको छ । सिंह र अर्का एकजना वडाध्यक्ष विरुद्ध उजुरी परेको बलराका निर्वाचन अधिकृत रंजितकुमार यादवले जानकारी दिनुभयो ।

वैशाख ३० मा हुने स्थानीय निकायको निर्वाचनका लागि उम्मेदवारी दिएका उम्मेदवारको विरुद्धमा बैशाख १४ मा दावी विरोधको उजुरी गर्ने समय दिइएको थियो ।

नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको उम्मेदवारमाथि उजुरी दिन सकिन्छ । यस्तै भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध विक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने व्यक्ति पनि उम्मेदवार हुन पाउँदैनन् । जातीय भेदभाव तथा छुवाछुत, बोक्सी वा बहुविवाहसम्बन्धी कसुरमा कैदको सजाय पाइ त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको व्यक्तिले उम्मेदवारी दिएको भए सो उम्मेदवारी पनि रद्द हुन सक्छ ।

# विद्यालयहरुमा तीन दिन बिदा दिन अनुरोध

**दैनिक समाचारदाता**
**काठमाडौं, १५ वैशाख ।**

निर्वाचन आयोगले स्थानीय तह निर्वाचनका लागि मतदान केन्द्र तोकिएका विद्यालयहरुमा तीन दिन भौतिक रुपमा पठनपाठन बन्द गर्न सरकारलाई अनुरोध गरेको छ ।

स्थानीय तह निर्वाचनका लागि मतदान तथा निर्वाचनसम्बन्धी व्यवस्थापकीय कार्य सञ्चालन गर्न मतदान स्थल तथा मतदान केन्द्र रहेको विद्यालयहरु २८ वैशाखदेखि ३० वैशाखसम्म उपयोग गर्नुपर्ने भन्दै आयोगले भौतिक उपस्थिति नगराउन र सो अवधिमा विद्यार्थीहरूलाई वैकल्पिक पद्धतिबाट पठनपाठनको व्यवस्था मिलाउन मुख्य सचिव मार्फत सरकारलाई अनुरोध गर्ने निर्णय गरेको छ ।

निर्वाचन आयोगले स्थानीय तह निर्वाचन हुने दिन ३० वैशाखमा सार्वजनिक बिदा दिन पनि सरकार समक्ष अनुरोध गरेको छ ।

***त्रिविमा २३ ...***

संस्थानबाट निर्णय गरे बमोजिम गर्ने र अन्य क्याम्पसको हकमा सम्बन्धित संस्थानबाट निर्णय गरे बमोजिम गर्ने तथा अन्य क्याम्पस, विभाग र स्कुलको हकमा विद्यार्थीको नियमित परीक्षा सञ्चालन यथावत रहने गरी २०७९ वैशाख २२ गतेदेखि जेठ १३ गतेसम्म २३ दिन चालू शैक्षिक सत्रको वर्षे बिदा दिने निर्णय भएको उल्लेख छ ।

**आगलागी हुन नदिन चनाखो बनौं ।**

**आगलागीबाट वर्षेनि अबौंको क्षति हुने गरेको छ। सावधानी अपनाउन सके जनधनको क्षति रोक्न सकिन्छ ।**

**त्यसका लागिः**

- खाना पकाईसक्ने वित्तिकै आगो, ग्यास चुल्हो, स्टोभ वा हिटर निभाईहालौं।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भएको छ/छैन, ध्यान दिने गरौं।
- ग्यास वा पेट्रोलको गन्ध आए बेवास्ता नगरौं।
- सलाई, लाईटर जस्ता आगो सल्काउने वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं।
- खाना पकाईसकेपछि पानी छ्यापेर आगो निभाऔं।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं। खाएमा आगो राम्ररी निभाऔं।
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ् ठीक अवस्थामा छ/छैन नियमित जाँच गरौं।
- घरवस्ती नजिकै पोखरी, ट्याङ्की वा अरु कुनै तरिकाले पानीको जोहो गरिराखौं।

**विपदबारे चासो राखौं, चनाखो बनौं**

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | CITY EXPRESS MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा | रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*